## आर्थिक वर्ष २०६४/६५ मा मौद्रिक नीति तथा वित्तीय व्यवस्थापन

३१. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले आर्थिक लक्ष्यहरूमध्ये बजेट वक्तव्यमा उल्लेखित ५.० प्रतिशतको आर्थिक वृद्धि लक्ष्य हासिल गर्न आवश्यक मौद्रिक सहजता प्रदान गर्ने उल्लेख गरेको थियो । आर्थिक वर्ष २०६४/६५ मा मौद्रिक तरलता उपलब्धता सहज नै रह्यो । कृषि उत्पादनमा सुधार, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार र निजी क्षेत्रमा बैंक कर्जा प्रवाहमा वृद्धि समेतले गर्दा आर्थिक वर्ष २०६४/६५ मा आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहेको अनुमान माथि उल्लेख भइसकेको छ । आर्थिक वर्ष २०६३/६४ मा सो आर्थिक वृद्धिदर २.६ प्रतिशत रहेको थियो ।

३२. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले सो वर्ष वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.५ प्रतिशत रहने प्रक्षेपण गरेको थियो । सो प्रक्षेपणले पेट्रोलियम पदार्थको मूल्यमा हुनसक्ने समायोजनलाई समेटेको थिएन । खाद्यान्न तथा निर्माण सामाग्रीको मूल्य वृद्धि अपेक्षा गरिएको भन्दा उच्च हुन गएको र तीन पटक पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरिएकोले आर्थिक वर्ष २०६४/६५ मा वार्षिक औसत मूल्य वृद्धि ७.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३/६४ मा वार्षिक औसत मूल्य वृद्धि ६.४ प्रतिशत रहेको थियो । मूल्य वृद्धि विश्वको नै समस्याको रूपमा देखापरेको छ । नेपालमा भएको मूल्य वृद्धिको प्रमुख कारण मौद्रिक विस्तार रहेको छैन ।

३३. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले शोधनान्तर बचत रू ८ अर्ब रहने लक्ष्य राखेकोमा शोधनान्तर बचत लक्ष्यभन्दा बढी रू २९ अर्ब ६७ करोड रहेको छ । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा उल्लेख्य विस्तार र विदेशी अनुदान सहयोगमा वृद्धि भएकोले शोधनान्तर बचत लक्ष्यभन्दा उच्च रहेको हो । माथि उल्लेखित स्रोतका कारण शोधनान्तर बचत लक्ष्यभन्दा बढी रहने देखिएकोले सोको लागि मौद्रिक उपाय अवलम्बन गर्नु परेन ।

३४. बाह्य क्षेत्रको स्थायित्वको लागि नेपाली रूपैयाँ (ने.रू.) को यथार्थ विनिमयदर तटस्थ स्तरमा राख्ने मौद्रिक नीतिको लक्ष्य रहँदै आएको छ । २०६४ आषाढ मसान्तको तथ्याङ्कलाई आधारमान्दा २०६५ आषाढ मसान्तमा ने.रू.को व्यापार भारित यथार्थ प्रभावकारी विनिमयदर करिब तटस्थ रहेको छ । नेपालमा मूल्य वृद्धि अघिल्लो वर्षको तुलनामा उच्च रहे तापनि व्यापार साझेदार मुलुकहरूमा समेत मूल्यमा चापको स्थिति रहेको र ने.रू.को अमेरिकी डलरसँगको विनिमयदर रू ६४.८५ को तुलनामा ५.३ प्रतिशतले न्यूनमूल्यित भई २०६५ आषाढ मसान्तमा रू ६८.५ रहेकोले ने.रू.को यथार्थ प्रभावकारी विनिमयदर तटस्थ रहेको हो ।

३५. मौद्रिक लक्ष्यहरूमध्ये आर्थिक वर्ष २०६४/६५ मा विस्तृत मुद्राप्रदाय प्रक्षेपित १५.६ प्रतिशत वृद्धिको तुलनामा २५.२ प्रतिशतले बढेको छ । खुद वैदेशिक सम्पत्ति लक्ष्यभन्दा उल्लेख्य विस्तार भएकोले मौद्रिक विस्तार प्रक्षेपण गरिएको भन्दा अधिक रहेको हो ।

३६. आर्थिक वर्ष २०६४/६५ मा कुल आन्तरिक बैंक कर्जा १७.१ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएकोमा २०.९ प्रतिशतले वृद्धि भएको छ । निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा प्रक्षेपण गरिएको १८.५ प्रतिशत वृद्धिको तुलनामा २४.३ प्रतिशतले बढेकोले कुल आन्तरिक बैंक कर्जाको विस्तार प्रक्षेपण गरिएको भन्दा केही अधिक रहेको हो ।

३७. आर्थिक वर्ष २०६४/६५ मा मुद्राप्रदाय र कर्जा विस्तारलाई वाञ्छित सीमाभन्दा अधिक विस्तार हुन नदिन मौद्रिक व्यवस्थापनको प्रमुख उपायको रूपमा खुला बजार कारोबारलाई जोड दिइयो। आर्थिक वर्ष २०६४/६५ मा सोझै बिक्री बोलकबोलबाट कुल रू १४ अर्ब ८५ करोड तरलता प्रशोचन गरियो। त्यस्तैगरी, रिभर्स रिपो बोलकबोलबाट कुल रू ६ अर्ब ५७ करोड तरलता प्रशोचन गरियो।

३८. धितोपत्र बजारमा प्राथमिक शेयर निष्काशनको कारणले २०६४ पुस र माघ महिनामा केही वाणिज्य बैंकहरूले तरलता समस्या सामना गरे। यस क्रममा केही वाणिज्य बैंकहरूले यस बैंकबाट उपलब्ध हुँदै आएको अल्पकालीन स्थायी तरलता सुविधा बढी उपोग गरेका कारण आर्थिक वर्ष २०६४/६५ मा कुल स्थायी तरलता सुविधा उपयोग रू १०३ अर्ब ८३ करोड पुग्यो। आर्थिक वर्ष २०६३/६४ मा कुल स्थायी तरलता सुविधा उपयोग रू ४७ अर्ब रहेको थियो। तरलता समस्याले प्रणालीगत (systemic risk) समस्या नल्यावस् भन्ने उद्देश्यले २०६४ पुस र माघ महिनामा उपलब्धता गराएको तरलता समेत गरी आर्थिक वर्ष २०६४/६५ मा रिपो बोलकबोल कारोबारबाट यस बैंकले वाणिज्य बैंकहरूलाई कुल रू ९ अर्ब तरलता प्रवाह गर्‍यो।

३९. आर्थिक वर्ष २०६४/६५ मा निजी क्षेत्रमा प्रवाहित बैंक कर्जालाई वाञ्छित सीमाभित्र कायम राख्न खुला बजार कारोबारबाहेक यस बैंकले अन्य दुई उपायहरू अवलम्बन गर्‍यो। पहिलो, स्थायी तरलता सुविधाबाट बैंकहरूले यस बैंकबाट अत्यधिक कर्जा उपयोग नगरून भनेर सोमा लाग्ने पेनाल ब्याजदर १.५ प्रतिशतबाट २.० प्रतिशत पुर्‍यायो। दोस्रो, शेयरको धितोमा प्रवाह भइरहेको बैंक कर्जालाई अत्यधिक बढ्न नदिन शेयर मार्जिन कर्जा सीमा ५० प्रतिशत तोकियो। पछिल्लो उपायको अवलम्बनपश्चात् शेयर बजार कारोबारमा स्थायित्व आएको माथि उल्लेख भइसकेको छ।

४०. वित्तीय समावेशी मुद्दालाई सम्बोधन गर्न सम्पूर्ण वाणिज्य बैंकहरूलाई आफ्नो कुल कर्जाको ३.० प्रतिशत कर्जा अनिवार्य रूपमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था छ। यसका अतिरिक्त विकास बैंकहरूलाई समेत आफ्नो कुल कर्जाको १.० प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०६४/६५ मा पहिलो पटक यस बैंकले गर्‍यो। यो व्यवस्थाबाट केही हदसम्म वित्तीय समावेशी मुद्दाको सम्बोधन हुन गई विपन्न वर्ग कर्जामा विस्तार आएको यस बैंकको विश्वास छ।

४१. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिमा उल्लेख भएका वित्तीय र बाह्य क्षेत्रसम्बन्धी नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति विस्तृत रूपमा अनुसूची १ मा दिइएको छ।